# स्व.वि.यु निर्वाचनको आचार संहिता सम्बन्धी निर्देशिका - २०७३

स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनसम्बन्धी निर्देशिका-२०७३ त्रि.वि. कार्यकारी परिषद्को मिति २०७३।९।१३ गतेको निर्णयानुसार स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन मिति २०७३ साल फागुन १४ गते गर्ने निर्णय भएकोले उक्त निर्वाचन सम्पन्न गर्नका लागि स्व.वि.यु. निर्वाचनसम्बन्धी निर्देशिका-२०७३ स्वीकृत गरी जारी गरिएको छ ।

१) निर्वाचन अधिकृतले निर्वाचन प्रयोजनको लागि निर्वाचनको तालिका प्रकाशित गर्नेछ ।

२) त्रि.वि.संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को परिच्छेद ८२ को नियम ३५२ अनुसार निर्वाचन अधिकृतले निम्नलिखित कार्यहरु गर्ने गराउने छ ।

(क) निर्वाचन तालिका बनाई प्रकाशित गरेर लागू गर्ने ।

(ख) निर्वाचन तोकिएको मितिमा मतदान सुरु हुने र बन्द हुने समय तथा मतदान क्षेत्र तोक्ने ।

(ग) प्रत्येक मनोनयन पत्रमा १ जना प्रस्तावक र १ जना समर्थकको हस्ताक्षर गरी परिचय पत्रसमेत राखी पेश गर्नु पर्ने जानकारी दिने (रुजु पछि परिचय पत्र फिर्ता दिनु पर्ने ।)

(घ) कुनै पदको १ जना उम्मेदवारको प्रस्तावक वा समर्थक भइसकेको व्यक्ति सोही पदको अन्य उम्मेदवारको प्रस्तावक वा समर्थकको रुपमा बस्न पाइने छैन । तर सदस्यहरुको हकमा भने जति जना प्रत्यक्ष प्रणालीबाट निर्वाचन हुनु पर्ने हो त्यति नै जनाको प्रस्तावक वा समर्थक बन्न पाइने छ ।

(ङ) जुन पदमा आफूले उम्मेदवारी दिएको छ सोही पदको अन्य उम्मेदवारको समर्थक वा प्रस्तावक बन्न पाइने छैन ।

(च) निर्वाचन समितिले तोकेको मिति र समय भित्र संघ, संगठन वा समूहले निर्वाचन प्रक्रियाको लागि नाम दर्ता गराउनु पर्नेछ । उक्त मिति भित्र दर्ता नभएका संघ, संगठन वा समूहलाई मान्यता दिइने छैन ।

(छ) विद्यार्थीहरुले प्रत्यक्ष प्रणालीबाट निर्वाचित हुने पदको लागि संघ, संगठन, समूह वा स्वतन्त्र रुपमा निर्वाचनमा उम्मेदवारी दिन सक्नेछन् र सहमतिको आधारमा मतपत्र तयार पार्दा समूहगत/संगठनात्मक रुपमा तयार पार्न सकिनेछ । मतपत्रमा संगठन वा समूहको नाम राख्दा उम्मेदवारी दर्ता भएको क्रमसंख्या अनुसार राखिनेछ । समूहगत रुपमा निर्वाचनमा भाग लिन चाहनेले समूहको नामावली पेश गरी निर्वाचन समिति समक्ष उपस्थितिमा रुजु गराउनु पर्नेछ ।

(ज) माथि उल्लेखित (छ) को प्रयोजनको लागि संघ, संगठन वा समूहको उम्मेदवारको रुपमा भाग लिने विद्यार्थी संगठनले निर्वाचन अधिकृत समक्ष आफ्नो संघ, संगठन वा समूहको आधिकारीक सिफारिश पत्र पेश गर्नु पर्नेछ । संघ संगठनको हकमा क्याम्पस इकाई समितिको अध्यक्ष/सभापति र समूहको हकमा संयोजक/प्रमुख/अध्यक्षको पत्रलाई आधिकारीक मानिनेछ । यसमा विवाद उत्पन्न भएको खण्डमा सम्बन्धित विद्यार्थी संघ, संगठनको केन्द्रीय अध्यक्ष/सभापति/संयोजक/प्रमुखको सिफारिशलाई आधिकारीक मानिनेछ ।

(झ) उम्मेदवारी दर्ता गर्ने अन्तिम दिन २८ वर्ष ननाघेको र मतदाता सूचिमा नाम भएको व्यक्तिले स्व.वि.यु. कार्य समितिको कुनै एक पदको (पदाधिकारी वा सदस्यको) लागि मात्रै उम्मेदवारी दिन सक्नेछ ।

(ञ) मतपत्रमा निर्वाचन अधिकृत र मतदान अधिकृत दुवैको हस्ताक्षर अनिवार्य रुपमा हुनु पर्नेछ । इलेक्ट्रोनिक मेसिनबाट मतदान गर्ने व्यवस्था भएमा भने त्यसको आवश्यकता पर्ने छैन ।

(ट) मत गणनाको मिति र समय तोकेर सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ठ) परिस्थिति अनुरुप उम्मेदवारको एजेन्टहरु राख्ने आधारहरु बनाई जानकारी गराउनु पर्नेछ ।

(ड) मतदान सकिना साथ मत गणनाको कार्य यथासक्य चाँडो प्रारम्भ गर्नु पर्नेछ ।

(ढ) मतगणना सकिनासाथ विजयी उम्मेदवारहरुले पाएको मतको संख्या समेत उल्लेख गरी परिणाम घोषणा गर्नु पर्नेछ ।

(ण) निर्वाचन परिणामको विस्तृत विवरण प्राप्त मत संख्या संघ, संगठन वा समूह समेत खुल्ने गरी

क्याम्पस प्रमुख मार्फत तुरुन्तै शिक्षाध्यक्षको कार्यालय, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयमा पठाउनु पर्नेछ ।

(त) तल उल्लेखित निर्वाचन आचार संहिता अनिवार्य रुपमा पालना गर्नु पर्नेछ :

१. क्याम्पसको कम्पाउण्ड वालको बाहिर पट्टी, भित्र पट्टी र क्याम्पस परिसरमा वाल पेन्टिङ गर्न पाइने छैन ।

२. निर्वाचन सम्बन्धी तुल, फ्लेक्स र कुनै पनि प्रकारको पोस्टर टाँस्न पाइने छैन ।

३. त्रि.वि. वा क्याम्पसलाई हानि नोक्सानी हुने कुनै प्रकारको प्रचार प्रसार गर्न पाइने छैन ।

४. क्याम्पसको निर्वाचन समितिमा दर्ता भएका संघ, संगठन, समूह वा स्वतन्त्र उम्मेदवारहरुलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम निर्वाचन समितिले संचालन गर्ने र उक्त कार्यक्रममा एक अर्का प्रति आक्षेप वा आरोप लगाउने वाक्यहरु बोल्न पाइने छैन ।

५. प्रत्येक संघ, संगठन, समूह र स्वतन्त्र उम्मेदवारले आफ्नो निर्वाचन घोषणा पत्र र उम्मेदवारको नामावलीको A4 साइजको एक रंग भएको पर्चा मात्रै प्रचार प्रसार गर्न पाइने छ ।

६. क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचार प्रसार गर्न पाइने छैन ।

७. बन्देज गरिएका उपरोक्त कार्य कसैले गरेको पाइएमा तुरुन्तै हटाउन लगाउनु पर्नेछ। नहटाइएको पाइएमा क्याम्पस प्रशासनले हटाउने छ ।

(थ) शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन अरु आवश्यक व्यवस्था गर्ने गराउने ।

(द) समानुपातिकतर्फको सदस्य पदको उम्मेदवारको नामावली संघ, संगठन वा समूहले शिलवन्दी खाममा तोकिएबमोजिम संख्यामा मात्र निर्वाचन समिति समक्ष तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ। एक पटक बुझाई सकेपछि उक्त शिलवन्दी खाममा कुनै हेर फेर गर्न पाइने छैन ।

(ध) निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिक तर्फको लागि अलग अलग मतपत्र हुनेछ र समानुपातिक मतपत्रमा संगठनको नाम राखिनेछ। प्रत्यक्ष तर्फका मतपत्रमा संघ, संगठन वा समूह र उम्मेदवारको नाम राखिने छ । समानुपातिक तर्फ संघ, संगठन वा समूहको नाम मात्र राखिने छ ।

(न) प्रत्यक्ष तर्फका उम्मेदवार भएका व्यक्तिले समानुपातिक तर्फ उम्मेदवार हुन पाउने छैन । प्रत्यक्ष तर्फका उम्मेदवारको नाम समानुपातिक तर्फबाट समावेश भएको पाइएमा निर्वाचन समितिले समानुपातिक तर्फबाट नाम हटाई बाँकी सदस्यहरुको नाम मात्र कायम गर्नेछ ।

(प) प्रत्यक्ष निर्वाचन तर्फको मतगणनामा मत बराबर भएमा गोलाप्रथाबाट निर्णय गरिनेछ। समानुपातिक तर्फ खसेको जम्मा मतलाई समानुपातिक तर्फ निर्वाचित हुने सदस्य संख्याले भाग गरी आएको भागफललाई निर्वाचित हुने मत कोटा मानिनेछ। यो मत कोटाको अनुपातमा संघ, संगठन व समूहको सदस्य निर्वाचित हुनेछन्। निर्वाचित हुने आवश्यक संख्या पूरा नभएमा अधिकतम शेषफलको क्रमअनुसार निर्वाचित हुने सदस्य संख्या वितरण गरिनेछ ।

(फ) समानुपातिक तर्फको सदस्य कार्य समितिको बहुमतको आधारमा पदाधिकारीमा निर्वाचित भएपछि हुन आउने सदस्यको रिक्त पदमा संगठनको प्राप्त मत प्रतिशतका अनुसार क्रमशः निर्वाचित हुनेछ ।

**उदाहरण** :

जम्मा खसेको मत संख्या २००

समानुपातिक तर्फबाट निर्वाचित हुने सदस्य संख्या ४

मत कोटा ५०

| **समूह क** | **समूह ख** | **समूह ग** | **समूह घ** |
|---|---|---|---|
| प्राप्त मत ११० | ४० | ३५ | १५ |
| भागफल २ | ० | ० | ० |
| शेष १० | ४० | ३५ | १५ |
| निर्वाचित हुने संख्या २ | १ | १ | ० |

(ब) उपाध्यक्ष पद १ र सहसचिव पद १ मा निर्वाचित पदाधिकारीहरु र प्रत्यक्ष तथा समानुपातिक तर्फबाट निर्वाचित भएका सदस्यहरु सहितको स्व.वि.यु. कार्य समितिले समानुपातिकबाट आएका सदस्यहरुमध्येबाट सर्वसम्मत वा बहुमतको आधारमा निर्वाचित गर्नेछ ।

(भ) मत गणना सम्पन्न भएको ७ दिन भित्रमा निर्वाचनमा समानुपातिक तर्फ संघ, संगठन वा समूहले प्राप्त गरेको मतको आधारमा सदस्यमा निर्वाचित हुने संख्या तोकी संघ, संगठन वा समूहले पेश गरेको शिलवन्दी सूचि भित्रका नाममध्येबाट संघ, संगठन/समूहबाट नाम सिफारिश मागि निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(म) मतदान हुन भन्दा ४८ घण्टा अगाडि देखि निर्वाचनको प्रचार प्रसार गर्न पाउने छैन ।

३) निर्वाचन सम्बन्धी सम्पूर्ण कामको लागि निर्वाचन समय निर्वाचन अधिकृतले तोके अनुसार हुनेछ ।

४) स्व.वि.यु. निर्वाचन मतदाता सूचि एउटा संघ, संगठन वा समूहले एक सेटभन्दा बढी लिन चाहेमा क्याम्पसले निर्धारण गरेको शुल्क बुझाई लिन सक्नेछ ।

५) स्व.वि.यु. निर्वाचन सम्पन्न गर्न निर्वाचन अधिकृत एक र आवश्यकतानुसार अन्य सदस्यहरु भएको निर्वाचन समिति क्याम्पस प्रमुखले गठन गर्नु पर्नेछ ।

६) निर्वाचन शान्तिपूर्ण ढंगले संचालन गर्न क्याम्पसले आचार संहिता पूर्णरुपमा लागू गर्न लगाउने । यसको लागि आवश्यकता अनुसार क्याम्पसले एक उपसमिति गठन गर्न सक्नेछ र उपसमितिले स्व.वि.यु. निर्वाचन केन्द्रीय अनुगमन एवं समन्वय समिति, त्रि.वि.ले तय गरेको र स्थानीय समेत आचार संहिता थप गरी लागू गर्न सक्नेछ ।

७) कुनै कारणवस स्व.वि.यु. निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न हुन नसक्ने अवस्था सृजना भएमा क्याम्पस प्रमुखले निर्वाचन स्थगन गरी पछि मिति तोकी निर्वाचन गर्न सक्नेछ ।

८) त्रि.वि.ले स्व.वि.यु. निर्वाचन घोषणा गरेको मितिबाटै सम्पूर्ण क्याम्पसहरुमा प्रथम वर्षको विद्यार्थी भर्ना बन्द गरिने छ। साथै दोस्रो, तेस्रो र चौथो वर्ष एवं दोस्रो सेमेष्टर देखि अन्तिम सेमेष्टरको भर्ना क्याम्पसले मिति तोकि व्यवस्था गर्नु पर्ने छ। तर सेमेष्टर प्रणालीमा संचालित कार्यक्रममा प्रवेश परीक्षा उत्तीर्ण भईसकेका कोटाभित्र भर्ना हुनेको हकमा भने मतदातासूचि प्रकाशित हुने मिति भन्दा एकदिन अगाडि सम्म नियमानुसार भर्ना गर्न पाइनेछ ।

९) जनआन्दोलन घाइते कार्ड, सहिद परिवारको सदस्य र अपाङ्ग सुविधामा क्याम्पसमा भर्ना गर्दा त्रि.वि.को निर्णय अनुसार विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको अनिवार्य रुपमा सिफारिश पत्र ल्याएकोलाई मात्र मतदाता सूचीमा नामावली समावेश गर्न दिइनेछ ।

१०) प्रत्यक्ष र समानुपातिक तर्फका उम्मेदवार हुने विद्यार्थीले उमेर खुलेको अध्ययनरत तहभन्दा अघिल्लो तहको शैक्षिक प्रमाणपत्रको सक्कल निर्वाचन समितिमा पेश गरी त्यसको प्रतिलिपि पेश गर्नु पर्नेछ । प्रमाणपत्र रुजु गरी सक्कल प्रति सम्बन्धितलाई फिर्ता दिनु पर्नेछ ।

११) निर्वाचनमा उम्मेदवारको मनोनयन पत्र दाखिला गर्ने अन्तिम मितिको दिन उम्मेदवारको उमेर २८ वर्ष ननाघेको हुनु पर्नेछ । (उदाहरणका लागि प्रत्यक्ष र समानुपातिक दुवै तर्फ २०४५ साल फागुन ६ गते भन्दा अगाडि जन्ममिति भएको विद्यार्थीहरुले उम्मेदवारी दिन पाउने छैन) ।

१२) त्रि.वि.संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४९ बमोजिम कार्यसमितिमा पदाधिकारी र सदस्य रहनेछन् ।

१३) स्व.वि.यु.निर्वाचनमा कुनै संघ, संगठन वा समूहले समानुपातिक तर्फ मात्र पनि निर्वाचनमा सहभागी हुन सक्नेछ ।

१४) स्व.वि.यु.को निर्वाचनको लागि प्रत्येक क्याम्पसमा आ-आफ्नो निर्वाचन समिति गठन गरी कार्यसम्पादन गर्नेछ ।

**स्व.वि.यु. निर्वाचन केन्द्रीय अनुगमन एवं समन्वय समिति**
**त्रिभुवन विश्वविद्यालय**